बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैठक संख्या १३

आज मिति २०८१/११/२१ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

CamScanner

बैठक संख्या १३/२०८१/०८२ मिति २०८१/११/२१ गते

**प्रस्ताव नं. १:- रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. १ :-**प्रस्ताव नं.१ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका ५ नं. वडा कार्यालयको जिर्ण भवन भत्काउन लागेको रकम कन्टेन्जेन्सीबाट भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २:- विद्यालयको तह/कक्षा घटाउने (Downsize) सम्बन्धमा ।**

**निर्णय नं. २ :-**प्रस्ताव नं.२ माथि छलफल हुँदा यस गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा सुझाव दिन गठित कार्यदल, २०८० को सुझाव अनुसार देहायका विद्यालयको देहाय बमोजिम तह/कक्षा घटाउने (Downsize) सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

| क.सं. | विद्यालयको नाम र ठेगाना | साविकमा संचालित तह/कक्षा | Downsize पश्चात कायम हुने तह/कक्षा | कैफियत |
|---|---|---|---|---|
| १. | श्री कालिका आधारभूत विद्यालय बेलडाँडी गा.पा. १ चन्दनबस्ती | कक्षा ६ सम्म | कक्षा ५ सम्म | |
| २. | श्री कालिका आधारभूत विद्यालय बेलडाँडी गा.पा. ५ झिलमिला | कक्षा ५ सम्म | कक्षा ३ सम्म | |
| ३. | श्री कञ्चन आधारभूत विद्यालय बेलडाँडी गा.पा. २ | कक्षा ५ सम्म | कक्षा ३ सम्म | |
| ४. | श्री त्रिसूली आधारभूत विद्यालय बेलडाँडी गा.पा. २ चवन्नी | कक्षा ५ सम्म | कक्षा ३ सम्म | |

**प्रस्ताव नं. ३ - उपकरण तथा फर्निचर मालसामानको भुक्तानी दिने र मालसामान हस्तान्तरण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३ :-**प्रस्ताव नं.३ माथि छलफल हुँदा श्री गणेश मा.वि. भुर्सा, मोहनपुर, बेलडाँडी ५ कंचनपुरको प.सं. २०८१/०८२ च.नं. ०९ मिति २०८१/०४/२८ गतेको पत्रानुसार मिति २०८१/०३/२४ गतेको अविरल बर्षाको कारण आएको बाढीले विद्यालयमा क्षति पुर्‍याई पठनपाठनमा अप्ठेरो भईरहेकोले आवस्यक समानहरु उपलब्ध गराईदिन हुन भनि अनुरोध गरेकोले विद्यालयको पठनपाठनमा आवस्यक सहयोग पुग्ने गरि उक्त विद्यालयको लागि देहायको उपकरण तथा फर्निचर मालसामान खरिद गरिएको हुँदा सम्बन्धित फर्मलाई रकम भुक्तानी दिने र विद्यालयलाई उक्त उपकरण तथा फर्निचर मालसामान हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

१. अफिस टेबुल (हेभि) ३/५ थान १
२. अफिस टेबुल ३/४ (मिडियम) थान २
३. रिवल्विङ्ग चेयर थान १
४. स्टिल दराज थान १
५. ह्वाईट बोर्ड थान ५
६. प्रिन्टर थान १

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४- योजना तथा कार्यक्रम परिवर्तन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४** :-प्रस्ताव नं.४ माथि छलफल हुँदा वेलडाँडी गाउँपालिका २ नं. वडा कार्यालयको वडा समितिको मिति २०८१ फागुन २१ गतेको बैठकको निर्णय नं. १(क) र निर्णय नं. १(ख) बाट चालु आ.व.मा विनियोजन गरिएका देहायका योजना तथा कार्यक्रम परिवर्तनको लागि अनुरोध भई आएकोले उक्त योजना तथा कार्यक्रम परिवर्तन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क. सं. | साविक योजना तथा कार्यक्रमको नाम | स्विकृत रकम रु. | परिवर्तित योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | आधारभूत कम्प्यूटर तालिम तथा ब्रिज कोर्ष कोष शिर्षकवाट बाँकी रकमबाट । | ७०००० | वडाका कर्मचारी तथा जनप्रतिनिधि हरुको अवलोकन भ्रमण । | ७०००० | |
| २. | फर्निचर तथा फिक्चर्स | | वडामा आवस्यक फर्निचर तथा मेसिनरी सामाग्री खरिद । | | |

**प्रस्ताव नं. ५ :- भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ५** :-प्रस्ताव नं.५ माथि छलफल हुँदा देहायका व्यक्ति, संस्था तथा कार्यक्रममा देहायको शिर्षकवाट देहायको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | व्यक्ति तथा संस्थाको नाम | वजेट शिर्षक | रकम रु. | कै. |
|---|---|---|---|---|
| १. | गणेश दत्त जोशी वेलडाँडी २ | सामाजिक सुरक्षा तथा आर्थिक सहयोग | ३०००० | |
| २. | सप्ताह ज्ञान महयज्ञ अजयपाल भूईंयाँ मन्दिर वेलौरी ९, कंचनपुर | धार्मिक तथा साँस्कतिक संस्था सहायता | १०००० | |
| ३. | वि.ओ.पि. झिलमिला व्याट्री खरिद गर्न | मेसिनरी उपकरण | १५००० | |

**प्रस्ताव नं. ६:- दैनिक ज्यालादारीमा कामकाज गर्न खटाउने र रकम भूक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ६** :-प्रस्ताव नं.६ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुमा चैत्र ३ गतेदेखि देहायका पदमा देहायका व्यक्तिहरुलाई अदक्ष कामदारले पाउने दैनिक ज्याला पाउने गरि भूमि ईकाईबाट रकम भूक्तानी दिने र दैनिक ज्यालादारीमा राखी देहायका स्थानमा कामकाज गर्न खटाउने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | नाम, थर | पद | कामकाज गर्न खटाएको स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | लोक बहादुर वलायर | फिल्ड सहायक | वेलडाँडी गा.पा. १ नं. वडा कार्यालय | |
| २. | यज्ञ खडका | फिल्ड सहायक | वेलडाँडी गा.पा. २ नं. वडा कार्यालय | |
| ३. | मोतिराम बुढा | फिल्ड सहायक | वेलडाँडी गा.पा. ४ नं. वडा कार्यालय | |
| ४. | लक्ष्मी बुढा थापा | स्विपर | रौतेली विचवा स्वास्थ्य चौकी, वेलडाँडी ५ | |

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ७:- DPR स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७** :-:प्रस्ताव नं.७ माथि छलफल हुँदा यस गाउँपालिकाको बेलडाँडी ५ स्थित चौधर नदीको DPR गाउँ कार्यपालिकामा प्रस्तुत गरिसकेकोले स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८:- कार्यविधी पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ८** :-:प्रस्ताव नं.८ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिको देहायको कार्यविधी पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

बेलडाँडी गाउँपालिकाको भलमान्सा प्रणाली संचालन सम्बन्धी कार्यविधी, २०८१ ।

**प्रस्ताव नं. ९:- रकम रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं. ९** :-:प्रस्ताव नं.९ माथि छलफल हुँदा यस कार्यालयको चालु आ.व.२०८१/०८२ को विनियोजित देहायको बजेट शिर्षकबाट देहायको योजना तथा कार्यक्रममा देहायको रकम रकमान्तर गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

| क.सं. | स्विकृत योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. | रकमान्तर गरिएको योजना तथा कार्यक्रमको नाम | रकमान्तर गरिएको रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | उपाध्यक्ष विशेष कार्यक्रम अन्तर्गत भ्रमण खर्च शिर्षक । | २००००० | १. पालिका स्तरीय अन्तराष्ट्रिय नारी दिवस | ५०००० | |
| २. | महिला विकास शाखाको दिवसिय कार्यक्रम खर्च शिर्षक । | ५०००० | २. पालिका स्तरीय अन्तराष्ट्रिय नारी दिवस | १०००० | |

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत